सर्वोच्च अदालतबाट जारी भएको

## सूचना

**मिति: २०७७।०७।१८**

कोरोना भाइरस (कोभिड – १९) को महामारीका कारण २०७६ साल चैत्र ९ गतेदेखि अदालतका कामकारवाहीमा संकुचन ल्याइएको र यस रोगको रोकथाम र नियन्त्रणका लागि जारी बन्दाबन्दी एवम् निषेध आदेश लगायतका आदेशहरु अनुरुप कामकारवाही र सेवाप्रवाहमा सीमिततासहितको व्यवस्थापन हुँदै आएको कुरा सबैमा विदितै छ। हाल बन्दाबन्दी वा निषेध आदेशको अवस्था कायम नरहेको, अदालतका कामकारवाही वा सेवाप्रवाहमा संकुचन ल्याएको निकै लामो अवधि भइसकेको र यस प्रकारको अवस्थाबाट सेवाग्राहीहरुको न्यायको प्राप्तिमा रहेको कठिनाइ, असुविधा एवम् प्रभाव तथा महामारीको अन्त्य हुने समयको आँकलनसमेत गर्न नसकिने हालको परिस्थितिमा अदालतको कामकारवाही र सेवाप्रवाहको बारेमा नेपाल बार एशोसिएशनका अध्यक्ष एवम् महासचिव, सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष तथा सचिवसमेतका पदाधिकारीहरु तथा अन्य सरोकारवाला समेतसँगको छलफल र परामर्शमा महामारीको संक्रमणबाट जोगिनको लागि अवलम्बन गर्नुपर्ने सुरक्षा सम्बन्धी आधारभूत मापदण्डहरुको पालना गर्दै उपयुक्त व्यवस्थापनसहित यस अदालतको कामकारवाही र सेवाप्रवाहका सम्बन्धमा देहायबमोजिम व्यवस्था मिलाइएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

१. मिति २०७७।०८।०१ सम्म यस अघि २०७७।०६।०५ समेतका मितिमा जारी भएका सूचना बमोजिम पुनरावेदन तथा रिट लगायतका निवेदनहरुको दर्ता तथा रिट निवेदनहरुको प्रारम्भिक सुनुवाई एवम् बन्दीप्रत्यक्षीकरण अन्तरिम आदेशको छलफल, संवैधानिक इजलासमा पेश हुने रिट निवेदन एवम् मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिमका निवेदन/प्रतिवेदनहरु, थुनुवा भएका मुद्दाहरु, निर्णय सुनुवाई, हेर्दा हेर्दैमा रहेका मुद्दा, मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन, थुनुवा तथा नेपाल सरकारका तर्फबाट पर्न आएका पुनरावेदनको सुनुवाई र मुद्दा फिर्ता तथा मिलापत्र सम्बन्धी काम कारवाही र सुनुवाई लगायतको व्यवस्थापनलाई नै निरन्तरता दिने।

२. मिति २०७७।०८।०२ देखि व्यवस्थापनको सहताजता र सम्भाव्यततालाई मध्यनजर गरी उपयुक्त देखिएको संख्यामा पेशीको व्यवस्थापन गरी सबै प्रकारका मुद्दा, रिट, निवेदन/प्रतिवेदनहरुको नियमित सुनुवाई हुने।

३. इजलासमा सुनुवाईका लागि पेस हुने मुद्दा, रिट तथा निवेदन लगायतका विषयहरुमा पक्ष/विपक्षको तर्फबाट एक/एक जना प्रमुख कानून व्यवसायी तथा एक/एक जना सहयोगी कानून व्यवसायी मात्र उपस्थित भई बहस पैरवी गर्ने। सो भन्दा बढी कानून व्यवसायी रहेको अवस्थामा अन्य कानून व्यवसायीको तर्फबाट बहसनोट पेस गर्ने व्यवस्था मिलाउने।

४. इजलासमा उपस्थित हुने पक्ष, कानून व्यवसायी, इजलास अधिकृत लगायत सम्बन्धित सबैले अनिवार्य रुपमा मास्क लगाउने, मास्क नहटाई बहस गर्ने र सम्भव भएसम्म प्लास्टिक भाइजरसमेत लगाउने।

उप-रजिष्ट्रार

सर्वोच्च अदालत
काठमाडौं

५. निश्चित दुरी सहित माक्ससमेतको प्रयोग गरी बहस पैरवी गर्दा आवाज कम हुन सक्ने अवस्थालाई मध्येनजर गरी इजलासमा बहसको लागि राखिएको पोडियममा माइकको व्यवस्था गरिने।

६. सार्वजनिक सरोकारका विषयमा हुने सुनुवाईमा नेपाल बार एशोसिएशनको भवनमा हाल प्रयोगमा रहेको श्रव्य - दृश्य सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाइने।

७. कानून व्यवसायीहरु प्रवेश गर्ने नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत भवनको विचमा रहेको स्थानमा कजलिष्ट सहित अदालतका कर्मचारी राखी मुद्दा सुनुवाईको अध्यावधिक सूचना प्रवाह गर्ने र सुनुवाईको पालो आएका मुद्दामा मात्र कानून व्यवसायी तथा मुद्दाका पक्ष मूल भवन/इजलासमा प्रवेश गर्ने ब्यबस्था मिलाउने।

८. प्रत्येक इजलासमा सुनुवाई सम्पन्न भएको, सुनुवाई भइरहेको र सोपछि सुनुवाई हुने क्रममा रहेको अवस्था सहित इजलासमा मुद्दा सुनुवाईको बारेमा माइकबाट समय-समयमा सेवाग्राही एवम् कानून व्यवसायीको जानकारीको लागि प्रसारणको व्यवस्था गरिने।

९. इजलासमा सुनुवाईको पालो नआएका कानून व्यवसायी एवम् पक्षहरु क्रमशः बार एशोसिएशन र सर्वोच्च अदालतको प्रतिक्षालयमा बस्ने उपयुक्त व्यवस्था गरिएको।

१०. पुनरावेदन, रिट दर्ता शाखा एवम् मुद्दा फाँटहरुबाट प्रवाह हुने सेवाको लागि हाल प्रयोगमा रहेको झ्याल एवम् निश्चित स्थानबाट दुरी कायम गरी प्रदान गरिएको सेवालाई निरन्तरता दिइने।

११. सर्वोच्च अदालतमा पेस गर्ने बहसनोट लगायतका लिखतहरू इमेल ठेगाना mudda.mahashakha@supremecourt.gov.np मा पठाउन सकिने र पेसी स्थगितको निवेदन पठाउँदा सोही दिनको विहान ९:०० बजेभित्र पठाई सक्नुपर्ने।

१२. अदालत प्रवेशद्वारमा मुद्दाका पक्ष वा मुद्दा दर्ता गर्न वा तारिख वा पेशीमा आउने सम्बन्धित व्यक्तिहरुलाई मात्र स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी प्रवेश अनुमति दिने व्यवस्था मिलाइएको।

१३. आफ्नो काम सकिए पछि अदालत परिसरमा अनावश्यक भिडभाड नगरी परिसरबाट बाहिरिन र सो कार्यमा मुद्दाको पक्ष, कानून व्यवसायी लगायत अदालतमा उपस्थित हुने सम्बन्धित सबैको सहयोगको अपेक्षा रहेको।

१४. अदालतको नियमित कार्य सञ्चालन पछिको व्यवस्थापनका सम्बन्धमा यस अदालतबाट मिति २०७७।०४।०८ मा जारी गरिएको सूचनामा उल्लेख भएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड लगायत व्यवस्थापकीय प्रबन्ध समेतका सान्दर्भिक व्यवस्थाहरु कार्यान्वयनमा ल्याइने।

देवेन्द्र ढकाल
उप रजिस्ट्रार